# केही ऐन, कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०८२

**प्रमाणीकरण मिति**
२०८२।०९।३०
**प्रकाशित मिति**
२०८२।१०।०१

## संवत् २०८२ सालको ऐन नं. १

**केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिकामा प्रचलित गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन कार्यविधि, कानूनसँग सम्बन्धित व्यवस्थाहरूलाई संशोधन र एकीकरण गरी संहितावद्ध बनाइएका लागि यस गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन कार्यविधिको व्यवस्था अनुरुप हुने गरी प्रचलित छायाँनाथ रारा नगरपालिकाको कानूनमा संशोधन, एकीकरण, समायोजन र खारेज गर्न वाञ्छनीय भएकोले,

ब। छायाँनाथ रारा नगरपालिकाको १८ औं नगर अधिवेशन (विधेयक समिति) ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "केही ऐन, कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०८२" रहेको छ।

(२) यो ऐन छायाँनाथ रारा नगरपालिकाको स्थानिय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन कार्यविधि" भन्नाले गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२ सम्झनु पर्छ।

३. **गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२ मा संशोधन:** गरीब सँग नगर प्रमुख कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२ को,-

(१) प्रस्तावनामा छायाँनाथ रारा नगरपालिका भित्र रहेका विपन्न, गरिव, आर्थिक अवस्था कमजोर भएका शब्द पछि "नेपालको संविधानले परिकल्पना गरेको जातीय विभेदमुक्त समाज निर्माण गर्न, छुवाछूत जस्तो सामाजिक कुरीतिलाई आमूल रूपले नष्ट गर्न र दलित समुदायको सामाजिक मर्यादा र स्वीकार्यता अभिवृद्धि गर्न" र

नेपालको संविधान २०७२ को धारा २२६ शब्द पछि "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४" भन्ने शब्दहरू थपिएको छ।

(२) दफा १ को,-

(क) खण्ड (ज) पछि देहाय बमोजिम खण्ड (झ) थपिएको छः

"(झ) अन्तर जाति विवाह" भन्नाले प्रचलित कानुन बमोजिम विवाह गर्न योग्य उमेर पुगेका दुई फरक जात, थर वा सामाजिक समुदायका पुरुष र महिलाबीच स्वेच्छाले हुने विवाहलाई सम्झनुपर्छ "

(ख) देहाय बमोजिम खण्ड (ञ) थपिएको छः

"दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजातिलाई सम्झनुपर्छ। साथै, सो सूचीमा नपरेका तर ऐतिहासिक र सामाजिक रूपमा उत्पीडनमा परेका जातजातिका हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले दलित भनी प्रमाणित गरेको व्यक्ति वा समुदायलाई समेत जनाउनेछ।" भन्ने शब्दहरू थपिएको छ।

(३) दफा ३ को,-

(क) खण्ड (क) मा देहाय बमोजिम स्पटीकरण थपिएको छः

**<u>"स्पष्टीकरणः-</u>** माथी उल्लेखित योजना तथा कार्यक्रमको अनुमोदन संचालक समिति र कार्यपालिकावाट गराउनु पर्नेछ"

(ख) खण्ड (ज) को देहायको स्पष्टिकरण शब्द झिकिएको छ,

**<u>"स्पष्टीकरणः-</u>** माथी उल्लेखित योजना तथा कार्यक्रमको अनुमोदन संचालक समिति र कार्यपालिकावाट गराउनु पर्नेछ"

(ग) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ,-

"खण्ड (ज) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालको संविधानले परिकल्पना गरेको जातीय विभेदमुक्त समाज निर्माण गर्न, छुवाछूत जस्तो सामाजिक कुरीतिलाई आमूल रूपले नष्ट गर्न र दलित समुदायको सामाजिक मर्यादा र स्वीकार्यता अभिवृद्धि गर्न मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका भित्रको दलित समुदायका महिलासँग विवाह गर्ने तथा छायाँनाथ रारा नगरपालिकाको दलित समुदायका पुरुषले अन्य जातीका महिला सँग विवाह गर्ने, आ.ब. २०७९/०८० देखि अन्तर जाति विवाह गर्ने जोडीलाई प्रोत्साहन स्वरूप रु. १,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ) उपलब्ध गराइनेछ। यो रकमले दम्पतीको आर्थिक आत्मनिर्भरता र सामाजिक एकीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।"

(घ) खण्ड (झ) मा देहायको स्पष्टिकरण थपिएको छ,-

"स्पष्टिकरणः यो कार्यविधीमा अन्तर जातीय विवाह दलित समुदायको हकमा मात्र लागू हुनेछ।" भन्ने शब्द थपिएको छ।

४. **खारेजी र बचाउः** (१) देहायका कानूनहरू खारेज गरिएका छनः-

(क) नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०८२

(ख) चोक नामाकरण, स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८२

(ग) नगर विपद् न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५

(घ) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५

(ङ) आकस्मिक कोष, मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता विवरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता विवरण मापदण्ड, २०७४

(च) अपाङ्गता सम्बन्धी स्थानीय नीति, २०८०

(२) उपदफा (१) बमोजिम खारेज भएको कानून अन्तर्गत भए गरेको काम कारबाही सोही ऐन, कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रकाशन मिति २०८२/१०/०१

आज्ञाले,
पूर्ण बाहदुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत